# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८१।१०। २१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला गुल्मी, कालिगण्डकी गाउँपालिका, वडा नं. १ स्थित देउराली माध्यामिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेतको मिलेमतोमा शिक्षक नियुक्तिमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला गुल्मी, कालिगण्डकी गाउँपालिका अन्तर्गत वडा नं. १ मा रहेको देउराली माध्यामिक विद्यालय, हर्मीचौर, गुल्मीको माध्यामिक तह (कक्षा ९-१०) को अङ्ग्रेजी, गणित वा विज्ञान विषयको शिक्षण सिकाई अनुदान कार्यक्रम अन्तर्गतको रिक्त शिक्षक पदमा नियुक्ति गर्ने प्रयोजनको लागि आएको शिक्षण सिकाई अनुदानको रकम देउराली माध्यामिक विद्यालयले **"प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा नियुक्ति गर्नुपर्ने"** मा शिक्षक छनौटको कुनै कानूनी प्रक्रिया पूरा नगरी बेपत्ता रहेको भनिएको व्यक्तिको शैक्षिक प्रमाणपत्र दुरुपयोग गरी नियुक्ति दिने कार्य गरेको, निजको नाममा नक्कली कागजात बनाई नियुक्ति पत्र, हाजिरी भएको पत्र, हाजिरी विवरण बनाई हाजिरी प्रमाणित गरी कालिगण्डकी गाउँपालिका, गुल्मीमा पेश गरी गैरकानूनी रुपमा विद्यालयमा अनुपस्थित शिक्षकको नाममा पारिश्रमिक रकम निकासा गराई बार्षिक एकमुष्ठ तलब बुझेको झुट्टा फर्जी लिखत तथा भरपाई बनाई लेखापरीक्षणसमेत गरी दुरुपयोग गर्ने बदनियतपूर्ण मनसायले कार्य गरी लाभ लिएको देखिएबाट उक्त कार्यमा संलग्न देहायबमोजिमका प्रतिवादीहरुलाई देहाय बमोजिमको कसुर तथा सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | देउराली माध्यामिक विद्यालय, गुल्मीका **तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा** | रु.८,८७,८८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानासमेत सजाय हुन मागदावी लिइएको छ। |
| २. | देउराली माध्यामिक विद्यालयका **तत्कालीन प्रधानाध्यापक** तथा विद्यालय व्यवस्थापन समितिका **तत्कालीन सदस्य सचिव मित्रलाल पाण्डे** | रु.८,८७,८८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानासमेत सजाय हुन मागदावी लिइएको छ। |
| ३. | देउराली माध्यामिक विद्यालयका विद्यालय कर्मचारी **सहायक** | रु.८,८७,८८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा सोही |

| | | | |
|---|---|---|---|
| | **(लेखा) प्रेम नारायण पाण्डेय** | | ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानासमेत सजाय हुन मागदावी लिइएको छ। |
| ४. | देउराली माध्यामिक विद्यालय व्यवस्थापन समितिका **तत्कालीन सदस्यहरु वेदबहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, ईश्वरा दर्लामी र बलबहादुर न्यौपाने** | जनही रु.८,८७,८८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो वमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानासमेत सजाय हुन मागदावी लिइएको छ। |

प्रवक्ता

नरहरि घिमिरे